**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ जूलाई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- संसदको मॉनसून सत्र शुरू हुन भन्दा पुर्व आज सरकारले सर्वदलीय बैठक डाकेको छ।
- राष्ट्रीय परीक्षा एजेंसी-एनटीए ले छात्रहरु अनि अभिभावकहरुको लागि कडा निर्देश जारी गरेको छ।
- केंद्रीय माध्यमिक शिक्षा बोर्ड-सीबीएसई ले कक्षा दशको दोस्रो बोर्ड परीक्षा, 2026 को परिणाम घोषित गरेको छ।
- फीफा विश्व कप 2026 मा इंग्लैंडले तेस्रो स्थानको लागि खेलिएको म्याचमा  फ्रांसलाई पराजित गरेर कांस्य पदक जितेको छ।
- मौसम विभागले आज पश्चिम बंगाल निम्न हिमालय अंचल , सिक्किम र उत्तराखण्डमा अत्यधिक भारी वर्षाको लागि रेड अलर्ट जारी गरेको छ।

## सरकार-सर्वदलीय बैठक

संसदको मॉनसून सत्र शुरू हुन भन्दा पुर्व आज सरकारले सर्वदलीय बैठक डाकेको छ। बैठकको अवधि सरकारले संसदको दुवै सदनहरुको सुचारू संचालन सुनिश्चित गर्न सबै राजनीतिक दलहरुसित सहयोग मांगनेछ। मॉनसून सत्र भोलिदेखि शुरू हुनेछ अनि 13 अगस्त सम्म चल्नेछ। सत्रको अवधि बिभिन्न महत्वपूर्ण विधेयकहरु माथि चर्चा अनि ति विधेयकहरु पारित हुने संभावना छ

।

## गोयल - एस्टोनिया

केंद्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले एस्टोनियाको राजधानी टालिनमा आयोजित **भारत-एस्टोनिया व्यापार मंच** लाई संबोधित गर्नुभयो ।उहाले दुवै देश बीच व्यापार, निवेश, नवाचार अनि प्रौद्योगिकीको क्षेत्रमा  सहयोग बढ़ाउने बिषय माथि जोड दिनुभयो। यस कार्यक्रममा भारत अनि  एस्टोनियाको सरकारी प्रतिनिधिहरु , प्रमुख उद्योगपति अनि व्यापार प्रतिनिधिमंडलहरुले भाग लिए ।आफ्नो संबोधनमा पीयूष गोयलले भन्नुभयो  कि बिगत दुई दशकमा भारतको अर्थव्यवस्थामा तिब्र परिवर्तन आएको छ अनि आज भारत विश्वको सबै भन्दा तिब्र गतिमा बढ़ने प्रमुख अर्थव्यवस्थाहरुमा सामेल भएको छ। उहाले भन्नुभयो कि भारतको बढ़दो  विनिर्माण क्षेत्र, बलियो नवाचार व्यवस्था अनि आर्थिक सुधार विश्वभरिकै  निवेशकहरु अनि उद्योगहरुको लागि नयाँ अवसर प्रदान गरिरहेको छ।

## एनटीए ओएमआर शीट

राष्ट्रीय परीक्षा एजेंसी-एनटीए ले छात्रहरु अनि अभिभावकहरुको लागि कडा निर्देश जारी गरेको छ। एजेंसीले भनेको छ कि ओएमआर शीटको जांचका लागि केवल मूल ओएमआर नै जमा गरुन्। फर्जी वा एआई बाट बनाईएको  ओएमआर शीट दिएको खण्डमा कानूनी कार्रवाही हुन सक्छ। एनटीए का  अनुसार, हालका दिनहरुमा जांचको लागि पठाईएको ओएमआर शीट

नकली पाईएको छ। यसैले अब प्रतेक शिकायत अनि ओएमआर शीटको सावधानी पुर्वक जांच गरिँदैछ।   एनटीए ले भनेको छ कि परीक्षा परिणामलाई चुनौती दिनको लागि फर्जी दस्तावेज़ वा एआई द्वारा तैयार पारिएको ओएमआर शीटको प्रयोग गर्नु गलत हो। यस्तो मामलामा कडा कार्रवाही गरिनेछ। यसैले छात्रहरु अनि अभिभावकहरुसित अपील गरिएको छ कि उनीहरुले जांचको लागि केवल मूल ओएमआर शीटनै जमा गरुन्।

**सीबीएसई - कक्षा 10 के परिणाम**

केंद्रीय माध्यमिक शिक्षा बोर्ड-सीबीएसई ले कक्षा दशको दोस्रो बोर्ड परीक्षा, 2026 को परिणाम घोषित गरेको छ। छात्रहरुले आफ्नो परिणाम डिजी लॉकरको रिजल्ट पोर्टलमा हेर्न सक्ने छन्।   राष्ट्रीय शिक्षा नीति अन्तर्गत यस वर्ष पहिलो पल्ट कक्षा दशको लागि दुईवटा बोर्ड परीक्षाहरु आयोजित गरियो। मुख्य परीक्षा 17 फरवरी देखि 11 मार्च सम्म अनि दोस्रो बोर्ड परीक्षा 15 मई देखि 21 मई सम्म भएको थियो। सीबीएसई अनुसार, दुवै परीक्षाहरुको संयुक्त परिणामको आधारमा यस वर्ष कुल 96 दशमलव 78 प्रतिशत छात्र सफल भएका छन्।बोर्डले अझ भनेको छ कि विदेशहरुमा स्थित सीबीएसई ले संबद्ध स्कूलहरुका छात्रहरुले पनि आफ्नो परिणाम अनि डिजिटल शैक्षणिक दस्तावेज़ डिजी लॉकरको माध्यमबाट प्राप्त गर्न सक्ने छन्।

**मालवीय-ई20**

भाजपा आईटी सेलका प्रमुख अमित मालवीयले भन्नु भएको छ सरकारको इथानोल मिश्रित **कार्यक्रम-ई२०** भारतको सबैभन्दा ठूलो सार्वजनिक नीतिको सफलताहरू मध्ये एक हो। यसले किसानको आम्दानी बढाउनुका साथै देशको ऊर्जा सुरक्षालाई सुदृढ बनाएको उहाको भनाइ छ। **इ२०** ले विदेशबाट आयात हुने कच्चा तेलमाथिको निर्भरता घटाएको छ। मालवीयले राजनीतिक लाभका लागि पूर्वाग्रहपूर्ण आलोचनाका आधारमा नभई प्रमाणका आधारमा कार्यक्रमको मूल्याङ्कन प्रमाणका आधारमा हुनुपर्ने उहाले बताउनु भएको छ। सरकारी तथ्याङ्कलाई उद्धृत गर्दै श्री मालवीयले भन्नु भयो 2014-15 देखि किसानहरूले अनुमानित 1.66 लाख करोड रूपयाँ कमाएका छन्।

**वैष्णो देवी यात्रा**

श्री माता वैष्णो देवी श्राइन बोर्डले खराब मौसमको चेतावनी पछि वैष्णो देवी यात्रालाई अस्थायी रूपमा स्थगित गरेको छ। श्राइन बोर्डको आधिकारिक सूचना अनुसार, तीर्थयात्रिहरुको सुरक्षाको लागि यो निर्णय लिईएको हो। श्रद्धालुहरुलाई धैर्य राख्ने अनि श्राइन बोर्डको आधिकारिक संचार माध्यमहरुबाट जारी सूचनाहरुको पालन गर्ने सल्लाह दिईएको छ। मौसमको स्थितिमा सुधार पछि यात्रा पुनः शुरु गरिनेछ। मौसम विभागले जम्मू-कश्मीरको केहि भागहरुमा भारी वर्षाको चेतावनी दिएको छ। संवेदनशील क्षेत्रहरुमा अचानक बाढ़, पहिरो अनि पानी जम्मिने संभावना छ। प्रशासनले मानिसहरुलाई अनावश्यक यात्राबाट बाच्ने अनि जल स्रोतहरुबाट टाडो रहने सल्लाह दिएको छ।   यस वर्ष वैष्णो देवी पवित्र गुफा मंदिरमा दर्शन गर्ने तीर्थयात्रिहरुको संख्या 50 लाख भन्दा अधिक भएको छ।

**सरकार - ए.एल.एम.एम. नीति**

सरकारले सौर ऊर्जा परियोजनाहरुको लागि **एप्रूव्ड लिस्ट ऑफ मॉडल्स एंड मैन्युफैक्चरर्स अर्थात्** एएलएमएम लिस्ट-2 को नीतिमा किने परिवर्तन नगर्ने निर्णय गरेको छ।नवीन अनि नवीकरणीय ऊर्जा मंत्रालयले भनेको छ कि यस नीतिको समय-सीमामा कुनै सामान्य छूट दिईने छैन। तथापी नेट मीटरिंग अनि ओपन एक्सेस नवीकरणीय ऊर्जा परियोजनाहरुलाई यस बर्ष सालको 31 दिसंबर सम्म सीमित छूट दिईनेछ।मंत्रालयका अनुसार, यस निर्णयले सोलर मॉड्यूल बनाउने कंपनिहरुलाई आफ्नो वर्तमान स्टॉकको असल उपयोग गर्ने अवसर प्राप्त हुनेछ। साथै उनीहरुलाई एएलएमएम सूचीमा सामेल सोलर सेल निर्माताहरुबाट खरीद बढ़ाउनको लागि पनि पर्याप्त समय प्राप्त हुनेछ।

मंत्रालयले भनेको छ – सरकारको लक्ष्य भारतलाई सौर उपकरण निर्माणमा आत्मनिर्भर बनाउनु अनि वैश्विक सौर उद्योगमा एक प्रमुख देशको रूपमा स्थापित गर्नु रहेको छ।

**डीआरआई - सोने-चांदी तस्करी**

राजस्व खुफिया निदेशालय-डीआरआई ले देशको बिभिन्न भागहरुमा कार्रवाही गरेर सुन , चांदी अनि पैसा जफत गरेको छ।

वित्त मंत्रालयका अनुसार, यस कार्रवाहीमा लगभग 15 किलोग्राम विदेशी सुन, 20 किलोग्राम चांदी अनि दुई करोड़ रुपियाँ भन्दा अधिक भारतीय मुद्रा जफत गरिएको छ। जफत गरिएको सामानको कुल मूल्य लगभग 22 करोड़ रुपियाँ रहेको छ। यस मामलामा अहिले सम्म 13 जनालाई पक्राउ गरिएको छ। डीआरआई ले दिल्ली, मुंबई अनि पश्चिम बंगालमा बेग्ला-बेग्लै कार्रवाही गरेको छ। दिल्ली एयरपोर्टमा एक यात्रीबाट लगभग एक किलोग्राम तस्करीको सुन जफत गरेको छ। त्येही मुंबईमा सुन तस्करी गर्ने एक गुटको खुलासा गरेको छ। वित्त मंत्रालयले भने छ कि डीआरआई को यो कार्रवाही देशमा सुनको तस्करी रोक्ने अनि आर्थिक सुरक्षालाई बलियो बनाउने दिशामा महत्वपूर्ण कदम हो।

**ईरान हमला**

अमेरिकी सेनाले भनेको छ कि जॉर्डनमा एक सैन्य ठिकाना माथि ईरानी हमला पछि दुई सैनिकहरुको मृतु भएको छ अनि एकजना लापता भएका छन्। युद्धको प्राम्भिक दिनहरु पछि ईरानको सिधा गोलीबारी वा हमलामा अमेरिकी सैनिकहरुको मृतु भएको यो पहिलो मामला हो। एक बयानमा भनिएको छ कि हिज ईरानको बैलिस्टिक मिसाइलहरु अनि ड्रोन हमलामा उनीहरुको मृतु भएको हो। बयानमा अझ भनिएको छ कि चार अन्य सैनिकहरुलाई उपचारको लागि जॉर्डनको अस्पतालहरुमा लगिएको थियो र अहिले उनीहरुलाई छुट्टी दिईएको छ।

**फीफा विश्व कप**

फीफा विश्व कप 2026 मा इंग्लैंडले तेस्रो स्थानको लागि खेलिएको म्याचमा फ्रांसलाई पराजित गरेर कांस्य पदक जितेको छ। मियामी स्टेडियममा खेलिएको म्याचमा इंग्लैंडले फ्रांसलाई 6-4 ले पराजित गरेको छ। इंग्लैंडले पहिलो हाफमा 4-0 को बढ़त बनाएको थियो। इंग्लैंडको तर्फ बाट **डेकलन राइस**, **एजरी कोंसा अनि बुकायो साका ले** गोल गरे। दोस्रो हाफमा फ्रांसले उत्कृस्ट खेलको प्रदर्शन गरे। **किलियन एम्बाप्पेले दुई** गोल गरेर टीमको लागि आशा जगाए। तर **बुकायो साकाले** पेनल्टीमा गोल गरेर आफ्नो हैट्रिक पुरा गरे अनि इंग्लैंडको जीत सुनिश्चित गरे। एम्बाप्पे, गोल्डन बूटको दौड़मा सबैभन्दा अघि रहेका छन्। अर्जेंटीनाको लियोनल मेसीले अहिलेसम्म 8 गोल गरेका छन् जबकि एम्बाप्पेले 10 गोल गरेका छन्।

**महिला कुस्ती**

महिला कुस्तीमा, भारतीय पहलवान काजलले हिजो हंगेरीको बुडापेस्टमा ७६ किलोग्राम तौल समूहमा अमेरिकाकी डायमंड प्रिसियस गिलफोर्डलाई हराउँदै स्वर्ण पदक जितिकी छिनू। यस प्रतियोगितामा भारतको यो तेस्रो स्वर्ण पदक हो।भारतले ५३ किलोग्राम र ५७ किलोग्राम तौल समूहमा दुई रजत पदक पनि जितेको छ।

**मौसम**

मौसम विभाग (आईएमडी) ले आज उप-हिमालयी पश्चिम बंगाल, सिक्किम र उत्तराखण्डमा अत्यधिक भारी वर्षा र अत्यधिक भारी वर्षाको लागि रेड अलर्ट जारी गरेको छ। मौसम विभागले हरियाणा, चण्डीगढ, पञ्जाब, बिहार, छत्तिसगढ, हिमाचल प्रदेश र उत्तर प्रदेशमा भोलिसम्म भारी वर्षाको सम्भावना रहेको जनाएको छ। कर्नाटक, मध्य प्रदेश, जम्मू-कश्मीर, झारखण्ड, केरला, माहे, ओडिशा र उत्तर पूर्वी भारतका केही भागहरूमा पनि यस्तै मौसम रहने अनुमान गरिएको छ। मौसम विभागले दिल्लीमा हल्का वर्षा हुने पूर्वानुमान गरेको छ। दिउँसोको अधिकतम तापक्रम ३५ देखि २७ डिग्री र न्यूनतम तापक्रम २८ देखि ३० डिग्री सेल्सियस रहने मौसम विभागले जनाएको छ।